नेपाल सरकार

**आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान**

सानेपा, ललितपुर ।

**लोकसेवा तयारी कक्षा सञ्चालन गर्नका लागि ईच्छुक संस्था/फर्म वा कम्पनीहरुका निम्ति मापदण्डहरुः**

क) शाखा अधिकृत ८० जना र नायव सुब्बा १५० जना गरी जम्मा २३० जना प्रशिक्षार्थीहरुलाई प्रशिक्षण दिनु पर्नेछ ।

ख) शाखा अधिकृत स्तरका लागि जम्मा १३० कक्षा र नायव सुब्बाका लागि जम्मा १२० कक्षा कूल जम्मा २५० वटा कक्षाहरु सञ्चालन गर्नु पर्नेछ ।

ग) यस कार्यक्रम अन्तरगत लोकसेवा तयारी कक्षा (शाखा अधिकृत र नायब सुब्बा) सञ्चालनका लागि रु. १९,००,०००/- (अक्षरेपी रु. उन्नाईस लाख मात्र ।) भ्याट सहित यस प्रतिष्ठानले उपलब्ध गराउनेछ ।

घ) प्रशिक्षकहरुको कम्तिमा पनि ५ जनाको वैयक्तिक विवरण (बायोडाटा) पेश गर्नु पर्नेछ ।

ङ) कम्तिमा एउटा कक्षा कोठामा ७० देखि ८० जना विधार्थी अटाउने क्षमता भएको हुनु पर्नेछ ।

च) संस्था/फर्म वा कम्पनीको नविकरण प्रमाण-पत्र, विधानको प्रतिलिपि, कार्यसमितिका पदाधिकारीहरुका नामावली, लेखापरिक्षण प्रतिवेदन, कर चुक्ता प्रमाण-पत्र, प्रस्ताव पेश गर्ने बारे कार्यसमितिले गरेको निर्णयको प्रतिलिपिहरु अनिवार्य रुपमा निवेदनका साथ संलग्न गर्नु पर्नेछ ।

छ) दुई वा दुई भन्दा बढी फर्म वा कम्पनी समुह, संगठन वा संयुक्त उपक्रमको रुपमा परामर्श सेवा दिने भए ती फर्म वा कम्पनीको नाम, ठेगाना, विवरण तथा मुख्य भई काम गर्ने फर्म वा कम्पनीको नाम उल्लेख गर्नु पर्नेछ ।

ज) प्रस्तावित कार्य सम्पन्न गर्न लाग्ने अनुमानित समय उल्लेख गर्नु पर्नेछ ।

झ) संस्था/फर्म वा कम्पनीले विगतमा कम्तिमा ५ वर्षमा गरेका समान प्रकृतिको कार्य, स्थान र उपलब्धी भए सोको विवरण उल्लेख गर्नु पर्नेछ ।

ञ) आशय पत्र पेश गर्नु पर्ने अन्तिम मिति २०७८/०८/२३ गते, बिहीबार कार्यालय समय भित्र रितपूर्वक आवेदन सहित आशय पत्र पेश गर्नु पर्नेछ ।

**फोन नं.** ०१-५१८३१६५, ५१८३१७४,

**website**: www.nfdin.gov.np

**email:** mail@nfdin.gov.np